नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.....................

## काठमाडौँ उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि भएको बैठकसम्बन्धी प्रेस विज्ञप्ति

काठमाडौँ उपत्यकाको वातावरण प्रदूषण नियन्त्रणका लागि विगत केही समयदेखि भईरहेका प्रयास र भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा तथा आगामी दिनमा चाल्नुपर्ने नीति कार्यक्रम र उपाय अवलम्बन, मापदण्ड तयारी तथा कारवाही प्रक्रियाबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले वातावरण प्रदूषण नियन्त्रणका लागि सम्बन्धित सबै सरकारी-गैरसरकारी सरोकारवाला निकाय, आमसंचार-जगत तथा निजी-क्षेत्रको सक्रियतामा के-के गर्न सकिन्छ भन्ने सम्बन्धमा बृहद छलफल गर्यो । बैठकमा सवारीसाधन प्रदूषण अनुगमन संयुक्त टोलीले मङ्सिर १३ गतेदेखि पौष २५ गतेसम्म गरेको अनुगमनको कारवाहीमा परेका कुल ४११ वटा सवारीसाधनमध्ये १९४ वटा (४७%) मापदण्डविपरीत पाइएको विवरणसमेत प्रस्तुत भएको थियो ।

बैठकले गरेका निर्णयहरु यसप्रकार रहेका छन्:

१. हाल दैनिक रूपमा भैरहेको सवारीसाधन प्रदूषण जाँचको कार्य नियमित रूपमा आगामी दिनमा पनि जारी राख्ने ।

२. सवारीसाधन प्रदूषण जाँचमा असफल हुने सवारीका धनीलाई के कस्तो कारवाही गर्न सकिन्छ भन्ने बारेमा सरोकारवालाको बैठक आगामी शुक्रवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बस्ने ।

३. हाल कायम ग्रीन स्टिकर अनिवार्य गरिएका क्षेत्र पुनरावलोकन र सम्पूर्ण उपत्यकामा लागू गर्ने विषयमा वातावरण विभागले तयार गरेको मापदण्ड भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले शीघ्र स्वीकृत गरी राजपत्रमा प्रकाशित गर्ने ।

४. यातायात व्यवस्था विभागले खरीद गर्न लागेका ४० वटा प्रदूषण जाँच्ने मेशिन छिटो खरिद गर्ने र खरिद गरेर आएपछि तिनको प्रभावकारी प्रयोगका लागि आवश्यक जनशक्ति, प्रयोग हुने स्थान र प्रयोग गर्न आवश्यक पर्ने तालिम, बजेटलगायतको उचित व्यवस्थापनसहितको कार्ययोजना तयार गर्ने ।

५. उपत्यका र बाहिर संचालनमा रहेका इट्टा भट्टाहरुको नयाँ मापदण्ड यथाशीघ्र नेपाल राजपत्रमा प्रकाशन गर्ने र सोको अनुगमन गर्ने कार्यलाई जनसंख्या तथा वातावरण मन्त्रालय र उद्योग मन्त्रालयले प्रभावकारी बनाउने ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति .......

६. निर्माण कार्यमा ठोस इट्टा (Solid brick)) को सट्टामा खोक्रो इट्टा (Hollow brick) को प्रयोग गर्न उपयुक्त हुने-नहुनेबारेमा अध्ययन गर्ने र उपयुक्त भएमा सम्बन्धित मापदण्डमा संशोधन गरी प्रयोग गर्न गराउन प्रोत्साहन कार्यक्रम शहरी विकास मन्त्रालयले ल्याउने ।

७. महानगरपालिकाहरु तथा नगरपालिकाहरुले खुल्ला रूपमा आगो बाल्ने (Open burning) कार्यलाई कडा प्रतिबन्ध लगाउनका लागि फोहोरमैला व्यवस्थापन ऐनले दिएको अधिकार प्रयोग गर्दै सबैतिर आवश्यक सूचना तत्काल परिपत्र गर्ने र अन्य स्थानीय तहले पनि यसको कार्यान्वयन गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबैतिर आवश्यक निर्देशन दिने ।

८. वातावरण विभागले वातावरण प्रदूषणको दैनिक तथ्यांक साधारण नागरिकले पनि बुझ्ने गरी आवश्यक तथ्यांकीय/ग्राफिकल प्रस्तुतिसहित सबैतिर सार्वजनिक गर्ने । नियमित रूपमा पत्रपत्रिका, टि.भी., रेडियो, र अनलाइन मिडियामा उपलब्ध गराउने ।

९. सवारीसाधन प्रदूषण नियन्त्रण मापदण्ड परिमार्जन १५ दिनभित्र भौतिक पूर्वाधार तथा यातायात मं. ले गर्ने ।

१०. मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालयबाट सडक विस्तारको कार्य जाडोयाममा गर्न प्राविधिक रूपमा समस्या आएको भनी व्यक्त भएको विषयमा वैकल्पिक उपाय अवलम्बन गरेर छिटोभन्दा छिटो सडक पिच गरी धुलो नियन्त्रणको कार्य गर्न पहल गर्ने ।

११. वातावरण प्रदूषण नियन्त्रणका लागि कार्य गरिरहेको द्रूत टोलीले आफ्नो कार्य निरन्तर संचालित गर्ने ।

१२. वातावरण संरक्षण कोषको उपयोगबारे वातावरण मन्त्रालयले शीघ्र कार्य गर्ने । वातावरण संरक्षणका कार्य गर्न आवश्यक पर्ने बजेट माग गर्न सबै सम्बन्धित निकायले कार्यक्रम तयार गरेर वातावरण मन्त्रालयमा पठाउने र वातावरण मन्त्रालयले ती कार्यक्रमहरु एकीकृत गरी अर्थ मन्त्रालयमा पेश गर्ने ।

१३. विद्युतीय सवारी साधन, स्कुटरलगायतको प्रयोगलाई प्रोत्साहित गर्न स्पष्ट नीति हालसम्म बनेको नदेखिएकोले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यथाशीघ्र ल्याउने ।

१४. वातावरण प्रदूषणको स्तर मानवस्वास्थ्यलाई हानिकारक हुनेगरी बढेको वर्त्तमान सन्दर्भमा वातावरण विभागले शीघ्र आपतकालीन कार्ययोजना तयार गर्ने ।

१५. विभिन्न मितिमा विगतमा भएका बैठकहरुले गरेका तर कार्यान्वयन नभएका निर्णयहरु सम्बन्धित निकायहरुले शीघ्र कार्यान्वयनमा ल्याउने ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव श्री महेन्द्रमान गुरुङको अध्यक्षतामा बसेको उक्त बैठकमा वातावरण प्रदूषणसंग सम्बन्धित सबै सरोकारवाला निकाय, गैरसरकारी संस्था, आमसंचार तथा निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**२०७४ पौष २६ गते बुधवार**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np